नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्या: २०७३/०७४/२.२ आन्तरिक प्रशासन शाखा
चलानी नं. ५५६

मिति २०७४।२।३

बिषय : आर्थिक प्रस्तावको सुरक्षा सम्वन्धमा ।

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,**
**सबै।**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम Two Envelop System अनुसार आव्हान गरिएको बोलपत्रको Technical Proposal खोल्दाको समयमै Hard copy को रुपमा दर्ता हुन आएका सबै बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरुको प्राप्त अवस्थाको मुचुल्का गरी एउटै ठूलो खाममा सिलवन्दी गरी खाम बाहिर सम्वन्धित कार्यालय, निर्माण व्यवसायीको अधिकार प्राप्त प्रतिनिधिहरु तथा अन्य कार्यालयका प्रतिनिधिहरुले सहीछाप गरी आर्थिक बोलपत्र खोल्ने समयसम्म कोष तथा लेखा नियन्त्रक कार्यालयमा सुरक्षित राख्ने व्यवस्थाको लागि सडक बिभाग, चाकुपाट, ललितपूरको च.नं. ४४१ मिति २०७४।०१।१५ को पत्रबाट अनुरोध भै आएकोमा मिति २०७४।१।२५ गते महालेखा नियन्त्रकज्यूको अध्यक्षतामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक बिभागका पदाधिकारीहरु समेतको उपस्थितिमा बसेको बैठकले अर्को व्यवस्था नभएसम्मको लागि देहाय अनुसार गर्ने भन्ने निर्णय भएकोले सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले Two Envelop System अनुसार आव्हान गरिएको बोलपत्रको प्राबिधिक प्रस्ताव खोल्दा को समयमा नै Hard Copy को रुपमा दर्ता हुन आएको आर्थिक प्रस्तावहरु सबैलाइ एउटा ठूलो खाममा राखी सिलबन्दी गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि समेतको उपस्थितिमा मुचुल्का गराइ बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायकै परिसरमा छुट्टै दराजमा राख्ने र यस्तो दराजमा सम्वन्धित कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले आफैले खरिद गरेको अलग अलग ताला लगाउने व्यवस्था मिलाउने ।
२. आर्थिक प्रस्ताव खोल्दाको समयमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि उपस्थित भै ताला खोली मुचुल्का गरी आर्थिक प्रस्ताव खोल्ने व्यवस्था गर्ने ।
३. अन्य सार्वजनिक निकायबाट पनि यस्तो व्यहोराको लागि अनुरोध भै आएमा यसै अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

<u>बोधार्थ</u>
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिहंदरवार ।
श्री सडक बिभाग, चाकूपाट, ललितपूर ।

............................
प्रदीप दोरंगा
लेखा अधिकृत